# प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०८१।१२।२१

**<u>प्रस्तावना</u>:** प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ६ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी समपूरक अनुदान प्रदान गर्न, बागमती प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम "प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश सभाको प्रत्यक्ष निर्वाचित सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिमको सदस्य सम्झनु पर्छ।

(घ) "प्रदेश सभाको समानुपातिक तर्फको सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिमको सदस्य सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(च) "समपूरक अनुदान" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ६ बमोजिमको आयोजना तथा कार्यक्रम छनोट समिति सम्झनु पर्छ।

३. **<u>समपूरक अनुदान प्रदान गरिने क्षेत्र, आधार र रकमको सीमाः</u>** (१) प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन गरिने भौतिक पूर्वाधार विकाससँग सम्बन्धित देहायका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान उपलब्ध गराउन सक्नेछः-

(क) कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण,

(ख) खानेपानी तथा सरसफाइ,

(ग) सिँचाई तथा नदी नियन्त्रण,

(घ) नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन,

(ञ) सामुदायिक विद्यालय भवन निर्माण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने पर्यटन पूर्वाधार निर्माण,

(ठ) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार,

(ड) स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा पदमार्ग र सो अन्तर्गतको सडक पुल,

(ढ) स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार,

(ण) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएका आयोजना वा कार्यक्रम।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा त्यस्तो क्षेत्रको मानव विकास सूचकाङ्क, जनसङ्ख्या, क्षेत्रफल, सन्तुलित विकास, पूर्वाधार विकासको अवस्था र राजस्व क्षमता लगायतका विषयलाई छनोटको लागि प्राथमिकीकरणको आधार लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(३) स्थानीय तहले समपूरक अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र रहेको हुनु पर्नेछः-

(क) गाउँपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म,

(ख) नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान दुई करोड रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म,

(ग) उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान तीन करोड रुपैयाँदेखि चार करोड रुपैयाँसम्म,

(४) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रम बढीमा दुई वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

४. **समपूरक अनुदान माग गर्नेः** (१) मन्त्रालयले प्रत्येक वर्ष पुष मसान्तभित्र सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट प्रस्ताव माग भएपछि स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको फागुन मसान्तभित्र समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागि त्यस्तो अनुदान माग गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८२।८३ का लागि आयोजना वा कार्यक्रम प्रस्ताव माग गर्ने र प्रस्ताव पेश गर्ने समयसीमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(४) आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा दफा ४ को उपदफा (२) बमोजिम बढीमा तीन वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

(५) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्दा स्थानीय तह आफैले वा निजी क्षेत्रसँगको सहयोगमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए सो कुरा समेत त्यस्तो प्रस्तावमा खुलाउनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा स्थानीय तहले दफा ३ बमोजिमको क्षेत्र, आधार र रकमको सीमाका अतिरिक्त अनुसूची-२ बमोजिमको ढाँचामा देहायका विषय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

खुलाई योजनाको घट्दो क्रममा प्राथमिकीकरण गरी मन्त्रालयमा प्रस्ताव गर्नु पर्नेछः-

(क) आयोजना/कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) आयोजना/कार्यक्रमको योजना, नक्शा, डिजाइन, स्पेसिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण सहितको विस्तृत विवरण,

(ग) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत अनुमानको विवरण,

(घ) आयोजना/कार्यक्रमको लाभ लागत विश्लेषण विवरण,

(ङ) आयोजना/कार्यक्रमबाट लाभान्वित हुने वर्ग, क्षेत्र, समुदाय र कुल लाभान्वित जनसङ्ख्याको अनुपात,

(च) आयोजना/कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य प्रतिफलको मापन योग्य विवरण,

(छ) आयोजना/कार्यक्रम सञ्चालनबाट स्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(ज) प्रचलित वातावरण ऐनले तोके बमोजिमको वातावरणीय प्रतिवेदन,

(झ) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण,

(ञ) स्थानीय तहको कार्यपालिकाको निर्णय,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) कार्यान्वयन अवधि दुई वर्ष भएका आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ठ) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये प्रदेश सरकार र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(ड) निजी क्षेत्र समेतको सहयोगमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(ढ) क्रमागत आयोजना वा कार्यक्रमको प्रस्ताव गरेको भएमा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण, र

(ण) मन्त्रालयले निर्धारण गरेको अन्य विवरण।

(७) उपदफा (१) बमोजिम समपूरक अनुदान माग गर्दा आयोजनाको कुल लागत रकममध्ये स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नु पर्नेछ।

(८) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

माग गर्नु पर्नेछ। त्यसरी बजेट माग नगरेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

५. **<u>पुराना आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ प्रस्ताव गर्न नपाइने:</u>** (१) स्थानीय तहले साबिकमा सञ्चालनमा भइराखेका आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको क्रमागत आयोजना वा कार्यक्रम र नयाँ आयोजना वा कार्यक्रम समेत गरी दफा ४ को उपदफा (४) बमोजिमको सङ्ख्यामा नबढ्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न बाधा पर्ने छैन।

६. **<u>आयोजना वा कार्यक्रम छनोट समितिः</u>** (१) स्थानीय तहहरुबाट दफा ४ बमोजिम प्राप्त हुन आएका प्रस्तावहरु मध्ये उपयुक्त आयोजना/कार्यक्रम छनोट गर्न मन्त्रालयमा देहाय बमोजिमको एक आयोजना/कार्यक्रम छनोट समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, बजेट योजना तथा कार्यक्रम महाशाखा, मन्त्रालय -सदस्य

(ग) कम्तीमा अधिकृत नवौं, प्रदेश नीति तथा योजना आयोग -सदस्य



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) प्रदेश लेखा नियन्त्रक वा निजले तोकेको अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(ङ) शाखा अधिकृत, प्रादेशिक योजना तथा अनुगमन शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको मिति स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार विषय विज्ञ तथा कर्मचारीलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले दफा ३ को क्षेत्र, आधार तथा रकमको सिमाका अतिरिक्त देहायका आधारमा आयोजना/कार्यक्रमको छनोट गर्नु पर्नेछः-

(क) आयोजना/कार्यक्रमको सम्भाव्यता, कुल लागत अनुमान, योजना कार्यान्वयन पश्चात प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभ,

(ख) आयोजना/कार्यक्रम कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) तुलनात्मक रुपमा बढी आवश्यक देखिएको,

(घ) प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित भएको,

(च) आर्थिक सामाजिक पुनरुत्थानसँग सम्बन्धित भएको,

(छ) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान पुर्‍याउने,

(ज) उत्पादन र रोजगारी वृद्धि गर्ने,

(झ) स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने।

(५) समितिले सामान्यतया आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रम चालु आर्थिक वर्षको वैशाख पन्ध्र गतेभित्र छनोट गर्नेछ।

७. **<u>प्रदेश सरकारले समपूरक अनुदान प्रदान गर्ने:</u>** (१) प्रदेश सरकारले समितिबाट छनोट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुन सक्ने उपलब्धि तथा आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको अवस्था र राजस्व क्षमता समेतको आधारमा स्थानीय तहलाई अनुसूची-३ को तालिका (ख) बमोजिमको अधिकतम लागत सहभागिता रकम समपूरक अनुदान वापत प्रदान गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तर यो कार्यविधि प्रारम्भ हुँदाको बखत सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमको कुल लागत र लागत साझेदारी अनुपात साबिककै व्यवस्था बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही समपूरक अनुदान प्रदान गर्नु पर्नेछ।

८. **समपूरक अनुदान प्रदान नगरिनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका प्रकृतिका आयोजना/कार्यक्रमका लागि समपूरक अनुदान उपलव्ध गराइने छैनः-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य पुरा हुने प्रकृतिका आयोजना/कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका आयोजना/कार्यक्रम,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(ङ) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको आयोजना/कार्यक्रम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका आयोजना/कार्यक्रम,

(छ) दफा ३ को उपदफा (३) मा उल्लिखित कुल लागत अनुमान न्यूनतम सीमाभन्दा कम र अधिकतम सीमा भन्दा बढी भएको आयोजना/कार्यक्रम।

तर यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका आयोजना/कार्यक्रमको कुल लागत साबिककै व्यवस्था बमोजिम हुनेछ।

९. **अनुदान रकम खर्च गर्ने विधि र प्रक्रियाः** (१) स्थानीय तहले समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) समपूरक अनुदान जुन आयोजना/कार्यक्रममा उपलब्ध गराइएको हो सोही आयोजना/कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ,

(ख) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ,

(ग) समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रचलित सङ्घीय तथा प्रदेश कानूनहरुको पूर्ण परिपालना गरी मितव्ययी र पारदर्शी किसिमले गर्नु पर्नेछ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) समपूरक अनुदान वापत प्राप्त रकम उपभोक्ता समितिमार्फत खर्च गर्न पाईने छैन,

(ङ) समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रमको लागि अनुदान रकम हस्तान्तरण गर्दा आयोजना/कार्यक्रमको कार्य प्रगतिको आधारमा साल बसाली विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम निकासा हुनेछ।

(२) समपूरक अनुदानबाट सञ्चालित आयोजना/ कार्यक्रमहरु लक्षित उद्देश्य अनुरुप सञ्चालन नभएमा प्रदेश सरकारले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने वित्तीय हस्तान्तरण अनुदानका रकमबाट कट्टा गर्न सक्नेछ।

१०. **<u>आयोजनाको कार्य तोकिएको समयभित्र सम्पन्न गर्नु पर्नेः</u>** स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिमा सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

११. **<u>आयोजना/कार्यक्रमको सञ्चालन र कार्यान्वयनः</u>** (१) आयोजना/ कार्यक्रम सञ्चालन गर्दा पारदर्शी, जवाफदेही तथा प्रभावकारी हुने गरी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) आयोजना/कार्यक्रमको ठेक्का प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी बनाउन स्थानीय तहले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय प्रणाली मात्र अपनाउन सक्नेछ।

(३) ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र स्थानीय तहले मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। यस्तो विवरण उपलब्ध नहुँदा सम्म सो आयोजना/कार्यक्रमको बाँकी किस्ता निकासा गरिने छैन।

(४) आयोजना/कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ। सोको लागि नागरिक समाज तथा लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(५) आयोजना/कार्यक्रम सञ्चालनको क्रममा कामको गुणस्तर मापन गर्ने सूचकहरु बनाउनु पर्नेछ र आयोजना सम्पन्न भएको छोटो अवधिमानै त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा मन्त्रालयले सोको छानविन गरी आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउन सक्नेछ।

(६) समपूरक अनुदानमा सञ्चालन गरिने आयोजना/ कार्यक्रममा कन्टिन्जेन्सी बापत लागतको तीन प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१२. **<u>आयोजना वा कार्यक्रमको नाम हेरफेर गर्न वा रकमान्तर गर्न नहुने:</u>** समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको

आयोजना वा कार्यक्रमको लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न वा कार्यान्वयन अवधि स्वीकृत भएको अवधि भन्दा बढी हुने गरी बढाउन पाइने छैन।

(२) स्थानीय तहमा भएको समपूरक अनुदानको वित्तीय हस्तान्तरण रकम तोकिएको अवधिभित्र खर्च नभएमा सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१३. **<u>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहले सञ्चालन गरेका आयोजना/कार्यक्रमहरुको कार्य प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सिमाभित्र भए नभएको सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम लक्षित उद्देश्य र प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले नियमित रुपमा अनुगमन गरी अनुसूची-४ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) समपूरक अनुदानबाट स्थानीय तहले सञ्चालन गरेका आयोजना/कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्न देहायको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) योजना कार्यान्वयन हुने क्षेत्रबाट प्रदेश सभाको प्रत्यक्ष निर्वाचित सदस्य -संयोजक

(ख) योजना कार्यान्वयन हुने निर्वाचन क्षेत्रको कुनै स्थानीय तहमा मतदाता नामावलीमा नाम भएको प्रदेश सभाको समानुपातिक तर्फको सदस्य -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

(घ) योजनाको विषय क्षेत्रसँग सम्बन्धित अधिकृत स्तरको एक प्राविधिक -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गरी अनुसची-५ मा तोकिएको ढाँचामा प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपदफा (२) र (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको खर्चको व्यवस्थापन आयोजना/कार्यक्रमको कन्टिन्जेन्सीबाट हुनेछ।

१४. **समपूरक अनुदान रोक्का हुन सक्नेः** (१) स्थानीय तहले सञ्चालित आयोजना/कार्यक्रमहरुको दफा १३ को उपदफा (२) बमोजिम अनुगमन प्रतिवेदन सम्बन्धित निकायहरूमा नपठाएमा, तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा सम्पन्न भएको कार्यको गुणस्तर मापदण्ड बमोजिम नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधिभित्र आवश्यक कागजात/विवरणहरु पेश गरेमा वा मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति स्थानीय तहले दिई, त्यस्तो प्रत्याभूति मन्त्रालयलाई उपयुक्त लागेमा मन्त्रालयले उपदफा (१) बमोजिम किस्ताको अनुदान रकम फुकुवा गर्न सक्नेछ।

(३) दफा १३ को उपदफा (३) बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदनको आधारमा समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना निर्दिष्ट उद्देश्य पूर्ति हुन नसकेको पाईएमा प्रदेश सरकारले स्थानीय तहलाई आगामी वर्षमा दिने अनुदान रोक्का गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१५. **अधुरा आयोजना सम्बन्धी विशेष व्यवस्थाः** (१) स्थानीय तहले समपूरक अनुदानबाट विगत आर्थिक वर्षमा कार्यान्वयन गरेको

निर्धारित समयमा सम्पन्न हुन नसकी यो कार्यविधि प्रारम्भ हुँदाका बखतसम्म अधुरै रहेको पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना आर्थिक वर्ष २०८२।८३ भित्र सम्पन्न गर्न सकिने अवस्था भएमा त्यस्तो आयोजना सम्पन्न हुन सक्ने पर्याप्त आधार र कारण खुलाई एक पटकको लागि दफा ४ बमोजिम प्रस्ताव पेश गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव भएको आयोजनालाई मन्त्रालयले आर्थिक वर्ष २०८२।८३ भित्र सम्पन्न हुन सक्ने भएमा छनोट गर्न सक्नेछ। त्यसरी अनुदान उपलब्ध गराइएको अधुरो आयोजना प्रचलित खरिद कानूनको अधीनमा रही सोही आर्थिक वर्षभित्र सम्पन्न गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि मन्त्रालयले प्रस्ताव पेश गर्ने स्थानीय तहबाट थप पुष्ट्याईं माग गर्न वा आवश्यकता अनुसार स्थलगत अध्ययन समेत गर्न वा गराउन सक्नेछ।

१६. <u>खारेजी र बचाउ:</u> (१) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

# अनुसूची- १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## <u>समपूरक अनुदान माग गर्ने निवेदनको ढाँचा</u>

१. अनुदान माग गर्ने स्थानीय तहको नामः

२. ठेगानाः

३. सम्पर्क फोन/फ्याक्स/इमेलः

४. आयोजना/कार्यक्रमको नामः

५. आयोजना/कार्यक्रम कायान्र्वयन गर्ने स्थानः

६. आयोजना/कार्यक्रमको अनुमानित कुल लागत रुः

७. आयोजना/कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसंख्याः

८. आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने अनुमानित समयः

९. आयोजना/कार्यक्रमको कुल लागतमा स्थानीय तहको लगानीको हिस्सा र रकमः

१०. आयोजना/कार्यक्रम कार्यान्वयनमा नीजि क्षेत्र, सहकारी तथा अन्य गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात र रकमः

११. प्रदेश सरकारले समपूरक अनुदान मार्फत व्यहोर्ने प्रस्तावित रकमः

१२. समूह (अनुसूची-३ बमोजिम):

**<u>संलग्न आवश्यक कागजातहरुः</u>**

(क) आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन

छ ☐ छैन ☐

(ख) आयोजना/कार्यक्रमको नक्शा, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण

छ ☐ छैन ☐

(ग) स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि

छ ☐ छैन ☐



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण

छ ☐ छैन ☐

(ङ) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको वातावरणीय प्रतिवेदन

छ ☐ छैन ☐

(च) आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने समयावधि सहितको कार्ययोजना

छ ☐ छैन ☐

(छ) मन्त्रालयले तोकेका अन्य विवरण कागजातहरु

छ ☐ छैन ☐

प्रमुख प्रशासकीय अधिकृतकोः

दस्तखतः

पदः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- २

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

## <u>कार्ययोजनाको ढाँचा</u>

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना: समूह:

सम्पर्क नं:

| क्र.सं | आयोजना/कार्यक्रमको नाम | प्रस्तावित बजेट | | कार्यान्वयन समय | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१. लागत अनुमान तयारी तथा स्वीकृति। विस्तृत परियोजना विवरण (डी. पी. आर.) स्वीकृत गर्ने

२. खरिद तथा सम्झौता व्यवस्थापन गर्ने

३. निर्माण कार्य सञ्चालन तथा अनुगमन गर्ने

नोट: माथि दिईएका संकेतहरुमध्ये कुन चौमासिकमा कुन कार्य गर्ने हो, सोही अनुसार उपयुक्त संकेतीकरण गरी कार्ययोजना पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृतको:

दस्तखत:

पद:

मिति:

# अनुसूची- ३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## आर्थिक, सामाजिक, पूर्वाधार अवस्था र राजस्व क्षमता अनुसार स्थानीय तहको वर्गीकरण

(क) नेपाल सरकारको **समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१** को अनुसूची-३ मा आन्तरिक राजस्व सङ्कलन सूचकाङ्क, समृद्धिको अवस्था, उद्योगधन्दा एकाग्रता सूचकाङ्क, आर्थिक, सामाजिक र पूर्वाधार अवस्थासहित आन्तरिक राजस्व परिचालन सूचकाङ्क, सम्भावित आन्तरिक राजस्व परिचालनको सूचकाङ्क र स्थानीय तहले आन्तरिक राजस्व परिचालन गर्न सक्ने सम्भावना सूचकाङ्क लगाएतका सूचकाङ्कका आधारमा सबै स्थानीय तहको वर्गीकरण गरी समूहीकृत गरिएकोमा बागमती प्रदेशका स्थानीय तहलाई पनि सोही बमोजिम निम्न समूहमा वर्गीकरण गरिएको छ।

| **समूह : क** | |
|---|---|
| क.सं. | स्थानीय तह |
| १ | महाभारत गाँउपालिका, काभ्रेपलाञ्चोक |
| २ | रुवी भ्याली गाउँपालिका, धादिङ |
| ३ | नौकुण्ड गाउँपालिका, रसुवा |
| ४ | उमाकुण्ड गाउँपालिका, रामेछाप |
| ५ | दोरम्बा गाउँपालिका, रामेछाप |

| **समूह : ख** | | | |
|---|---|---|---|
| क.सं. | स्थानीय तह | क.सं. | स्थानीय तह |
| १ | फिक्कल गाउँपालिका, सिन्धुली | ११ | गौरीशङ्कर गाउँपालिका, दोलखा |
| २ | पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक | १२ | आमाछोदिङमो गाउँपालिका, रसुवा |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| ३ | कैलाश गाउँपालिका, मकवानपुर | १३ | सुनापति गाउँपालिका, रामेछाप |
| ४ | राक्सिराङ्ग गाउँपालिका, मकवानपुर | १४ | घ्याङलेख गाउँपालिका, सिन्धुली |
| ५ | लिखु तामाकोशी गाउँपालिका, रामेछाप | १५ | हरिहरपुरगढी गाउँपालिका, सिन्धुली |
| ६ | खाँडादेवी गाउँपालिका, रामेछाप | १६ | खानीखोला गाउँपालिका, काभ्रेपलान्चोक |
| ७ | चौंरीदेउराली गाउँपालिका, काभ्रेपलान्चोक | १७ | तेमाल गाउँपालिका, काभ्रेपलान्चोक |
| ८ | जुगल गाउँपालिका, सिन्धुपाल्चोक | १८ | नेत्रावती डबजोङ गाउँपालिका, धादिङ |
| ९ | खनियाबास गाउँपालिका, धादिङ | १९ | मेलुङ्ग गाउँपालिका, दोलखा |
| १० | विगु गाउँपालिका, दोलखा | | |

| समूह : ग | | | |
|---|---|---|---|
| क्र.सं. | स्थानीय तह | क्र.सं. | स्थानीय तह |
| १ | महाङ्काल गाउँपालिका, ललितपुर | १५ | ईन्द्रसरोवर गाउँपालिका, मकवानपुर |
| २ | भुम्लु गाउँपालिका, काभ्रेपलान्चोक | १६ | शिवपुरी गाउँपालिका, नुवाकोट |
| ३ | सुर्यगढी गाउँपालिका, नुवाकोट | १७ | रामेछाप नगरपालिका, रामेछाप |
| ४ | लिसंखुपाखर गाउँपालिका, सिन्धुपाल्चोक | १८ | कोन्ज्योसोम गाउँपालिका, ललितपुर |
| ५ | कालिन्चोक गाउँपालिका, दोलखा | १९ | गोकुलगङ्गा गाउँपालिका, रामेछाप |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| ६ | तादीगाउँ गाउँपालिका, नुवाकोट | २० | सुनकोशी गाउँपालिका, सिन्धुली |
| ७ | बाग्मती गाउँपालिका, मकवानपुर | २१ | तारकेश्वर गाउँपालिका, नुवाकोट |
| ८ | बाग्मती गाउँपालिका, ललितपुर | २२ | मरिण गाउँपालिका, सिन्धुली |
| ९ | भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक | २३ | भिमफेदी गाउँपालिका, मकवानपुर |
| १० | शैलुङ्ग गाउँपालिका, दोलखा | २४ | गोलन्जोर गाउँपालिका, सिन्धुली |
| ११ | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | २५ | उत्तरगया गाउँपालिका, रसुवा |
| १२ | म्यागङ गाउँपालिका, नुवाकोट | २६ | त्रिपुरासुन्दरी गाउँपालिका, सिन्धुपाल्चोक |
| १३ | दुप्चेश्वर गाउँपालिका, नुवाकोट | २७ | तीनपाटन गाउँपालिका, सिन्धुली |
| १४ | गङ्गाजमुना गाउँपालिका, धादिङ | | |

| समूह : घ | | | |
|---|---|---|---|
| क्र.सं. | स्थानीय तह | क्र.सं. | स्थानीय तह |
| १ | जिरी नगरपालिका, दोलखा | १३ | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक |
| २ | ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक | १४ | बेथानचोक गाउँपालिका, काभ्रेपलान्चोक |
| ३ | कालिका गाउँपालिका, रसुवा | १५ | बेलकोटगढी नगरपालिका, नुवाकोट |
| ४ | किस्पाङ गाउँपालिका, नुवाकोट | १६ | मकवानपुरगढी गाउँपालिका, मकवानपुर |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| ५ | गजुरी गाउँपालिका, धादिङ | १७ | मन्थली नगरपालिका, रामेछाप |
| ६ | गोसाईंकुण्ड गाउँपालिका, रसुवा | १८ | त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ |
| ७ | ज्वालामूखी गाउँपालिका, धादिङ | १९ | सिद्धलेक गाउँपालिका, धादिङ |
| ८ | तामाकोशी गाउँपालिका, दोलखा | २० | रोशी गाउँपालिका, काभ्रेपलान्चोक |
| ९ | सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक | २१ | लिखु गाउँपालिका, नुवाकोट |
| १० | नमोबुद्ध नगरपालिका, काभ्रेपलान्चोक | २२ | वैतेश्वर गाउँपालिका, दोलखा |
| ११ | पञ्चकन्या गाउँपालिका, नुवाकोट | २३ | वाह्रविसे नगरपालिका, सिन्धुपाल्चोक |
| १२ | बकैया गाउँपालिका, मकवानपुर | | |

| समूह : ङ | | | |
|---|---|---|---|
| क्र.सं. | स्थानीय तह | क्र.सं. | स्थानीय तह |
| १ | बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ | ११ | धुनीबेंसी नगरपालिका, धादिङ |
| २ | दुधौली नगरपालिका, सिन्धुली | १२ | थाक्रे गाउँपालिका, धादिङ |
| ३ | चौतारा सागाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक | १३ | माडी नगरपालिका, चितवन |
| ४ | ककनी गाउँपालिका, नुवाकोट | १४ | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक |
| ५ | गल्छी गाउँपालिका, धादिङ | १५ | राप्ती नगरपालिका, चितवन |
| ६ | थाहा नगरपालिका, मकवानपुर | १६ | नीलकण्ठ नगरपालिका, धादिङ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| ७ | इच्छाकामना गाउँपालिका, चितवन | १७ | कालिका नगरपालिका, चितवन |
| ८ | मण्डनदेउपुर नगरपालिका, काभ्रेपलान्चोक | १८ | शंखरापुर नगरपालिका, काठमाडौं |
| ९ | मनहरी गाउँपालिका, मकवानपुर | १९ | धुलिखेल नगरपालिका, काभ्रेपलान्चोक |
| १० | भिमेश्वर नगरपालिका, दोलखा | २० | कमलामाई नगरपालिका, सिन्धुली |

| समूह : च | | | |
|---|---|---|---|
| क्र.सं. | स्थानीय तह | क्र.सं. | स्थानीय तह |
| १ | पांचखाल नगरपालिका, काभ्रेपलान्चोक | ८ | रत्ननगर नगरपालिका, चितवन |
| २ | दक्षिणकाली नगरपालिका, काठमाडौं | ९ | चाँगुनारायण नगरपालिका, भक्तपुर |
| ३ | विदुर नगरपालिका, नुवाकोट | १० | गोदावरी नगरपालिका, ललितपुर |
| ४ | पनौती नगरपालिका, काभ्रेपलान्चोक | ११ | गोकर्णेश्वर नगरपालिका, काठमाडौं |
| ५ | खैरहनी नगरपालिका, चितवन | १२ | मध्यपुर थिमी नगरपालिका, भक्तपुर |
| ६ | बनेपा नगरपालिका, काभ्रेपलान्चोक | १३ | कागेश्वरी-मनोहरा नगरपालिका, काठमाडौं |
| ७ | कीर्तिपुर नगरपालिका, काठमाडौं | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| समूह : छ | | | |
|---|---|---|---|
| क्र.सं. | स्थानीय तह | क्र.सं. | स्थानीय तह |
| १ | तारकेश्वर नगरपालिका, काठमाडौं | ७ | भरतपुर महानगरपालिका, चितवन |
| २ | नागार्जुन नगरपालिका, काठमाडौं | ८ | ललितपुर महानगरपालिका, ललितपुर |
| ३ | भक्तपुर नगरपालिका, भक्तपुर | ९ | हेटौंडा उप-महानगरपालिका, मकवानपुर |
| ४ | महालक्ष्मी नगरपालिका, ललितपुर | १० | काठमाण्डौं महानगरपालिका, काठमाडौं |
| ५ | सूर्यविनायक नगरपालिका, भक्तपुर | ११ | बुढानिलकण्ठ नगरपालिका, काठमाडौं |
| ६ | टोखा नगरपालिका, काठमाडौं | १२ | चन्द्रागिरी नगरपालिका, काठमाडौं |

(ख) तालिकाः <u>समपूरक अनुदानका लागि लागत सहभागिता विवरणः</u>

| स्थानीय तहको वर्ग | प्रदेश सरकारले उपलब्ध गराउने अधिकतम अनुदान प्रतिशत | स्थानीय सरकारले विनियोजन गर्ने न्यूनतम प्रतिशत |
|---|---|---|
| क | ८० | २० |
| ख | ७० | ३० |
| ग | ६० | ४० |
| घ | ५० | ५० |
| ङ | ४० | ६० |
| च | ३० | ७० |
| छ | २० | ८० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ४

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>स्थानीय तहले पठाउने प्रगति प्रतिवेदनको ढाँचा</u>**

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र सं | आयोजना/ कार्यक्रमको नाम | आयोजना/ कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | .........अवधिको लक्ष्य | | ..........अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (रु.) | भौतिक (%) | वित्तीय (रु.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्याहरु/यथार्थ अवस्था:

(ख) समस्या समाधानका लागि गरिएको प्रयास:

(ग) सुझावहरु/सिफारिस:

.....................
तयार गर्ने

......................................
अनुगमन समितिको संयोजक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ५

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

## अनुगमन तथा मूल्याङ्कन समितले प्रदेश सरकार समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र सं | आयोजना/ कार्यक्रमको नाम | आयोजना/ कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | .........अवधिको लक्ष्य | | ............अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (रु.) | भौतिक (%) | वित्तीय (रु.) | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्याहरु/यथार्थ अवस्था:

(ख) समस्या समाधानका लागि गरिएको प्रयास:

(ग) सुझावहरु/सिफारिस:

(अनुगमन तथा मूल्याङ्कन समितलाई यसका अतिरिक्त थप विवरण पेश गर्न आवश्यक लागेमा यो ढाँचा भरी उक्त विवरण समेत संलग्न राखी प्रदेश सरकार समक्ष प्रतिवेदन गर्न सक्नेछ)

.................... ........................................

तयार गर्ने अनुगमन समितिको संयोजक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश